# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट माघ १७, २०७५ साल संख्याः ५**

**भाग – २**

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम अदुवा बीउ अनुदान कार्यक्रम कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## रिब्दीकोट गाउँपालिकाको अदुवा बीउ अनुदान कार्यक्रम कार्यविधि– २०७६

गाउँसभाबाट पारित मिति : २०७६।१०।१७

पृष्ठभूमि

रिब्दीकोट गाउँपालिका अन्तर्गत कृषिजन्य उत्पादन वृद्धि गर्न, स्वच्छ बीउ उत्पादन गर्न, खेतीयोग्य जमिनको अन्य प्रयोजनको लागि प्रयोग हुन नदिइ जग्गा बाझो राख्ने प्रविधिलाई निरुत्साहित गर्न, कम सिचाई सुविधा भएका जमिनको प्रयोग गर्न, जंगली जनावरले समेत क्षति नगर्ने भएको हुँदा कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, अदुवाको माग बढ्दो र बजार मूल्य समेत राम्रो रहेको हुँदा ५० प्रतिशत अनुदानमा अदुवा बीउ वितरण कार्यक्रमलाई व्यवस्थित सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्न यो कार्यविधि गाउँपालिकाबाट जारी गरिएको छ ।

## प्रारम्भिक-१

१) संक्षिप्त नाम र प्रारम्भः

१.१ यो कार्यविधिको नाम : अदुवा बीउ बितरण कार्यक्रम कार्यविधि, २०७६ रहेको छ।

१.२ यो कार्यविधि रिब्दीकोट गाउँ सभाबाट स्वीकृत भएपछि लागु हुनेछ।

२ परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

२.१ "कार्यालय" भन्नाले रिब्दीकोट गाउँपालिकाको कार्यालय सम्झनु पर्नेछ।

२.२ "कार्यदल" भन्नाले, गाउँपालिकाको आर्थिक विकास शाखा सम्झनु पर्नेछ।

२.३ "कार्यविधि" भन्नाले, अनुदानमा अदुवा बीउ वितरण कार्यक्रम कार्यविधि, २०७६ रहेको छ।

२.४ "अनुग्राही" भन्नाले अदुवा लगाउन चाहने वडाबाट छनौट भएका किसानहरुलाई सम्झनुपर्दछ।

३ उद्देश्य :

यस कार्यविधीका उद्धेश्यहरु देहाय बमोजिम रहेका छन :

३.१ अनुदान वितरण नीतिलाई प्रकृयामुखिबाट परिणाममुखि तर्फ लैजाने।

३.२ खेतीयोग्य जमिनको अन्य प्रयोजनको लागि अतिक्रमण हुन नदिई जग्गा बाझो राख्ने प्रविधिलाई निरुत्साहित गर्न।

३.३ अनुदानको सही, दक्ष र प्रभावकारी रुपमा वितरण, उपयोग र सदुपयोग गर्ने।

३.४ साना कृषकहरुको समेत अदुवा उत्पादनलाई संगठित बजारमा प्रवाह गर्ने।

३ .५ गाउँपालिकाको प्रतिवद्धता अनुरुप कृषि उत्पादनमा आत्मनिर्भर बनाउन अदुवा खेती गरी आत्मनिर्भरको लक्ष्य पुरा गर्न सहयोग गर्ने ।

४ कार्यक्रम अवधिः

हाललाई यस कार्यक्रम को अवधि मिति .............. मसान्त सम्मको हुनेछ

५ कार्य संचालन र प्रक्रियाः

५.१ वडा कार्यालयले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुसँग निवेदन आव्हवान (अनुसूचि १ बमोजिम) हुनेछ ।

५.२ कृषि प्राविधिकले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्नेछ ।

५.३ अनुदानग्राहीको मापदण्ड

क) २०१ के.जी देखि ५०० के.जी सम्म जुन सुकै समयमा पनि अदुवाको कारोवार गर्ने ।

ख) आर्थिक रुपमा कमजोर भएकोलाई प्राथमिकता दिनुपर्नेछ ।

ग) खेतबारीमा रासायनिक बिषादी तथा मल प्रयोग गर्नु हुदैन ।

घ) गत आ.व. मा अदुवामा अनुदान लिएको व्यक्तिलाई छनौट गरिने छैन ।

ङ) प्राविधिकको सल्लाह अनुसार अदुवा लगाउनु पर्नेछ ।

५.४ कार्यालयले वुँदा नं. ५.३ अनुसार कृषि समन्वय इकाईमा प्राप्त भएका मध्ये न्युनतम मापदण्ड पुरा गरेका कृषक/फर्म/समूह/सहकारीलाई छनौट गरी गाउँपालिकामा पठाउनु पर्नेछ ।

५.५ वडा कार्यालय तथा कृषि समन्वय इकाईबाट सिफारिश भई आएका सहकारी संस्थाका आवेदन, प्रस्ताव उपर छानविन तथा मूल्यांकन गर्नको लागि तपशिल अनुसारको मूल्यांकन समिति रहने छ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सह-संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| लेखा प्रमुख/सहायक | सदस्य |

कृषि समन्वय इकाई प्रमुख सदस्य सचिव

५.६ उपदफा ३ अनुसारको मूल्यांकन समितिले पर्न आएका निवेदनहरुको मूल्यांकन गरी अनुदान उपलब्ध गराउन गाउँपालिका समक्ष सिफारिस पेश गर्ने छ।

५.७ अनुदानको लागि छनौट भएका अनुग्राहीले अनुसूची ३ बमोजिम सम्झौता गर्नु पर्नेछ।

५.८ सम्झौता गरी कार्य सम्पादन भए पछि स्थलगत अनुगमन गरी गाउँपालिकाले भुक्तानी दिनुपर्नेछ।

६. <u>५०% अनुदानमा अदुवा बीउ वितरण कार्यक्रम कार्यान्वयनको लागि आर्थिक आधार :</u>

क) २०१ के.जि देखि ५००  के.जि सम्म अदुवा बीउ लगाउने किसानलाई बीउको ५०% वा रु ......को ५० % जुन कम हुन आउँछ त्यही रकम अनुदान दिइनेछ।

७ <u>अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था</u>

यस कार्यक्रमको अनुगमन रिब्दीकोट गाउँपालिकाको कृषि समन्वय इकाइले गर्नेछ र सोको मूल्यांकन गरी प्रतिवेदन रिब्दीकोट गाउँपालिकामा पेश गर्नु पर्नेछ।

८ थपघट वा हेरफेर गर्न सक्ने

८.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर गर्न सक्नेछ ।

८.२ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्ने छ ।

८.३ यो कार्यविधि कार्यान्वयन गर्न आवश्यक पर्ने अनुसूचीहरुको निर्माण तथा परिमार्जन गाउँपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

मितिः ..................

प्रमुख प्रशासकीय अधिकृत ज्यू,
रिब्दीकोट गाउँपालिकाको कार्यालय
खस्यौली पाल्पा

विषय : अदुवा बीउ अनुदान कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा रिब्दीकोट गाँउपालिकाको मिति ............................ सूचना अनुसार ५०% मा अदुवा बीउ वितरण गर्ने कार्यक्रममा समावेश हुने चाहना भएकाले सो कार्यक्रमका लागि तपशिल अनुसारको विवरण भरी निवेदन पेश गरेको छु ।

तपशिल
१. नागरिकताको प्रतिलिपि
२. जग्गाधनी प्रमाणपत्रको प्रतिलिपि
३. प्रतिवद्धता पत्र

निवेदक
नामः ..........................
ठेगाना : .....................
सम्पर्क नं. ...................

## अनुसूची- २
## रिब्दीकोट गाउँपालिका र अनुदानग्राही बीच हुने सम्झौता
## फारामको ढाँचा

रिब्दीकोट गाउँपालिकाको कार्यालय खस्यौली पाल्पा (यसपछि प्रथम पक्ष भनिने) र अदुवा बीउ लगाउने किसान वडा कार्यालयबाट सिफारिश भएको अनुग्राही (यस पछि दास्रो पक्ष भनिने) अदुवा बीउ अनुदान कार्यक्रममा तपशिलका शर्तहरु पालना गर्ने गराउने गरी यो द्धिपक्षीय सम्झौता गरिएको छ ।

तपशिल

१. कार्यक्रम संचालनको लागि पेश्की उपलब्ध गरिने छैन ।

२. कार्यप्रगति र कार्यसम्पन्न पश्चात रकम उपलब्ध गरिनेछ ।

३. अदुवा बीउको खरिद मूल्यको ५०% वा रु ............को ५० % जुनकम हुन आउछ त्यही रकम प्रथम पक्षले दोश्रो पक्षलाई उपलब्ध गराउनेछ ।

४. दोश्रो पक्षले नियमति रुपमा बिषादी सूरक्षाको व्यवस्था मिलाउने, तोकिए अनुसारको सफा र स्वच्छ उत्पादन गर्नु पर्नेछ ।

५. दोश्रो पक्षले यो सम्झौता बमोजिमका कार्य नगरेमा वा उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंगगरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ ।

६. यस सम्झौतामा उल्लेख भए बाहेकका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मञ्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौं ।

| | |
|---|---|
| दोश्रो पक्ष | प्रथम पक्ष |
| दस्तखत : | दस्तखत : |
| नाम | नामः |
| पदः | पदः प्रमुख प्रशासकीय अधिकृत |

ठेगाना . कार्यालय : रिब्दीकोट गाँउपालिका

रोहवर : रोहवर :

दस्तखतः दस्तखत :

नामः नाम :

पदः पदः

संस्था : श्री ........................ कार्यालय : रिब्दीकोट गाँउपालिका

इति सम्बत् .......साल........महिना.......गते रोज......शुभम् ।

## प्रतिवद्धता पत्र

रिब्दीकोट गाउँपालिकाको मिति ....... को सूचना अनुसार त्यस कार्यालयको आ.व. ......................को वार्षिक स्वीकृत कार्यक्रम अनुसार ५०% अनुदानमा अदुवा बीउ वितरण कार्यक्रममा सहभागिताको लागि ......................र ..........................को नाममा रहेको कि.नं. ............................रोपनी जग्गामा ............के.जी. अदुवा बीउ लगाउने प्रतिवद्धता गर्दछु । साथै प्रतिवद्धता अनुसार कार्य नगरेमा अनुदान रकम फिर्ता गर्नेछु । अन्यथा कानून बमोजिम सहुँला बुझाउला र प्रस्तावित कार्यको लागि कुनै निकायबाट सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछु ।

इति सम्बत ............साल ......महिना .......गते ......रोज शुभम् ।

नाम :

ठेगाना :

| दायाँ | बाँया |
|---|---|
| | |

मिति :

आज्ञाले

रिषीराम अर्जेल

प्रमुख प्रशासकीय अधिकृत